आज मिति २०८२ भदौ २० गते शुक्रबारका दिन विहान ११:०० बजे राइनास नगरकार्यापालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं.(१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७९ औं नियमित वैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल | सदस्य-सचिव |
| आमन्त्रित /अन्य उपस्थिति : | | |
| | वरिष्ठ प्रशासकीय अधिकृत तुल बहादुर सिंह | प्रशा. प्रमुख |
| | वरिष्ठ प्रशासन सहायक [illegible] कार्की | " |
| | [illegible] | लेखापाल |
| | | |
| | | |

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

मिति २०८२/०५/२० गतेको ७६ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

**प्रस्तावहरु :**

१.आइ.ई.ई. र प्राकृतिक स्रोत ढुंगा गिटी बालुवाको ठेक्का व्यवस्थापन सम्वन्धमा।

२.चालु वर्षको कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ता समिति गठन र योजना सम्झौता सम्वन्धमा

३.आधाभूत नगर अस्पताल उदघाटन सम्बन्धमा ।

४.ल्याण्डफिल्ड पार्क क्षेत्रमा साईडतर्फको बाटो निर्माण सम्वन्धमा ।

५.दशै लक्षित सडक मर्मत सरसफाई तथा सडक संचालन सम्बन्धमा

६.हाटवजार संचालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका,२०८२ पेश गर्ने सम्बन्धमा

७.विविध सम्वन्धमा ।

**निर्णय नं. १**

राइनास नगरपालिका क्षेत्रमा रहेका प्राकृतिक स्रोत ढुंगा, गिटी र बालुवा बिक्री वितरणको लागि नियमानुसार आई.ई.ई.को लागि तोकिएका क्षेत्रहरुको वारेमा सम्बन्धित वडाका जनप्रतिनिधिहरुलाई जानकारी गराई कार्यसूची स्वीकृत गरी छिटो कार्य सम्पन्न गर्ने र बोलपत्र अवहान तथा सो प्रकृया तथा सम्झौता हुने समयसम्म सम्वन्धित वडाले चोरी निकासीको कार्य नियन्त्रण गर्ने ।

**निर्णय नं. २**

चालु आर्थिक वर्षको लागि नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तोकिएको समयमै र प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि उपभोक्ता समितिमार्फत सँचालन गरिने कार्यक्रमको लागि २०८२ कात्तिक मसान्त भित्र उपभोक्ता समिति गठन गरी सक्ने र नगरपालिकाबाट वडा वडामा गई योजना सम्झौता गर्ने ।

**निर्णय नं. ३**

राइनास नगरपालिका अन्तरगत वडा नं.४ मा १५ शैयाको आधारभूत नगर अस्पताल निर्माण सम्पन्न भैसकेकोले आवश्यक पूर्वाधार र जनशक्ति तयार गरी उदघाटन मिति तोक्ने ।

**निर्णय नं.४ :**

नगरक्षेत्रको फोहोर व्यवस्थापनका लागि तयार भएको ल्याण्डफिल्ड पार्क क्षेत्रको पूर्वाधार निर्माण कार्य एवं पोखरीबगैचाबाट साईडतर्फको बाटो स्तरोन्नति गर्नुपर्ने भएकोले नेपाल जलवायु नमूना कार्यक्रममा स्वीकृत भएको बजेटबाट नियमानुसार खर्च गर्ने ।

**निर्णय नं.५:**

वडादशै तथा दिपावली जस्ता महान पर्वहरु नजिकिने क्रममा रहेको र वर्षाको कारण नगरपालिकाको विभिन्न क्षेत्रमा जाने सडक अवरुद्ध भएकोले दशै लक्षित सडक मर्मत सम्भार शिर्षकमा विनियोजन भएको बजेट वडाहरुमा विभाजन गरी कार्यान्वयन गर्न वडा कार्यालयमा पठाउने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

**निर्णय नं.६:**

राइनास नगरपालिकाको हाटबजार संचालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२ पेश भयो। आगामी बैठकमा थप छलफल गरी स्वीकृत गर्ने ।

**विविध निर्णय नं.७ :**

क. हाटबजारमा थप पूर्वाधार तथा संरचना व्यवस्थापनका लागि कृषि आधुनिकीकरण परियोजनालाई अनुरोध गर्ने ।

ख. बजार अनुगमन समितिलाई सक्रिय बनाउने र अनुगमनलाई प्रभावकारी रुपमा अगाडि बढाउने।

ग. टोल विकास संस्थाहरुलाई सडक बत्ती व्यवस्थापनका लागि हस्तान्तरण गरी पठाउने ।

घ. नगर प्रहरी गठन र सँचालनको लागि नगर प्रहरी सम्बन्धी विधेयक तयार गरी आगामी बैठमा पेश गर्ने

ङ. पुष्पलाल मध्यपहाडी राजमार्ग योजना कार्यालय पालुङटार गोरखामा उक्त सडकको यस राइनास नगर खण्डको मापदण्ड जानकारी गराउन लेखी पठाउने ।

च. नेपालीहरुको महान पर्वहरु विजया दशमी, शुभ दिपावली तथा छठ लगायतका पर्वहरु नजिकिदै गरेको सन्दर्भमा यस राइनास नगरपालिकाका देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नगरवासीहरु, राजनीतिक दलका नेताहरु, कर्मचारी, शिक्षक, विद्यार्थी, कृषक लगायत सम्पूर्ण वावुआमा दाजुभाई तथा दिदीबहिनीहरुमा शुख शान्ति र समृद्धिको कामना सहित शुभकामना प्रदान गर्ने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर कुँवर
नगर प्रमुख